घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम,मुस्ताङ

पत्रसंख्याः
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७६।०५।२३)**

यस कार्यालयवाट आ.व. २०७६/०७७ मा जोमसोम भ्युटावर पदमार्ग निर्माण कार्य गर्नुपर्ने भएकाले नेपाल सरकारवाट इजाजत प्राप्त योग्य निर्माण कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता, मुल्य अभिवृद्धि कर दर्ता र आ.व. २०७५/०७६ सम्मको करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिका साथै दरभाउपत्र दस्तुरबापत रु १००० (एक हजार रुपैया मात्र, पछि फिर्ता नहुने गरी) घरपझोङ.गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ्गमा नगद तिरी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिले निवेदन पेश गरेमा यस कार्यालयवाट दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२. खरीद भएको दरभाउपत्र प्रथमपटक सुचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने मिति अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्रसाथ जमानत बापत तपसिलमा उल्लेख भए बमोजिमको रकम यस कार्यालयको नेपाल वैक लिमिटेड, मुस्ताङ्गमा रहेको ०६८०३००००००००३००००५ धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र खोलिने मिति देखि कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैक ग्यारेण्टी (विड वण्ड) पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्रदाताले दरभाउपत्रमा मुल्य अभिवृद्धिकर वाहेकको दररेट पेश गर्नुपर्ने छ ।

६. दरभाउपत्रमा आईटमवाइज दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ ।

७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ को आठौं संशोधन बमोजिम हुनेछ ।

९. दरभाउपत्रबाट पेश भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

कार्य विवरण :

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (मु.अ. कर तथा कन्टिन्जेन्सी वाहेक) | दरभाउपत्र दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| GRMJ/NCB/W/04/076/77 | जोमसोम भ्युटावर पदमार्ग निर्माण घरपझोङ -४ जोमसोम, मुस्ताङ । | १३,२७,२७९.७९ | १०००।०० | ४२०००।०० |

प्रमुख प्रशासकीय अधिकृत